नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

## टिप्पणी र आदेश

टिप्पणी संख्या:

मिति:

पाना नं

विषय:- प्रेस विज्ञप्ती

आज मिति २०७५/०६/१६ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री थममाया थापा समक्ष नेपालका लागि जापानी राजदुत महामहिम श्री मासामिची साईगोले शिष्टाचार भेट गर्नुभयो । उक्त अवसरमा दुई देशको आपसी हित र द्विपक्षीय चासोको विषयमा छलफल भएको थियो । सो भेटघाटको क्रममा माननीय मन्त्रीज्यूले महामहिम राजदुतको सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो । महामहिम राजदुतले जापान सरकारबाट नेपाललाई विगतदेखि हुदै आएको सहयोगलाई निरन्तरता दिने र दुई देशबीचको सुमधुर सम्बन्धलाई थप सुदृढ बनाउने प्रतिवद्धता व्यक्त गर्नुभयो । जापान सरकार र जापानी जनताले नेपालको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा पुऱ्याएको सहयोगप्रति माननीय मन्त्रीज्यूले आभार व्यक्त गर्नुका साथै भूकम्प तथा बाढी पहिरोको समयमा जापान सरकारले गरेको सहयोगको प्रशंसा गर्नुभयो । माननीय मन्त्रीज्यूले नेपालको संविधान बमोजिम तीनै तहको निर्वाचन सम्पन्न भई मुलुक संघीय संरचनामा प्रवेश गरी राजनैतिक स्थिरता कायम भएको र मुलुक आर्थिक समृद्धिको दिशातर्फ अघि बढेको सन्दर्भमा जापान सरकारबाट सदाभैं निरन्तर सहयोग प्राप्त हुने अपेक्षा गर्नुभयो । महामहिम राजदुतले यस विषयमा जापान सरकारको निरन्तर साथ र सहयोग रहने कुरा व्यक्त गर्नुभयो । आगामी दिनमा महिला तथा बालबालिकाको आर्थिक सशक्तिकरण, लैंगिक समानता, अपाङ्ग भएका व्यक्तिको अधिकार संरक्षण तथा ज्येष्ठ नागरिकको व्यवस्थापन लगायतका क्षेत्रमा दुबै देशले सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

०७५।६।१६

राजेन्द्रकुमार पौडेल

सह-सचिव